annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ८ पृष्ठ ८ | काठमाडौं, बिहीबार २५ वैशाख २०८२ | वैशाख शुक्लपक्ष एकादशी नेपाल संवत् ११४५ | THURSDAY, MAY 8, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# ५१ देशबाट ५ अर्बको आयात, स्वदेशमा सड्दै करोडौंका काठ

राष्ट्रिय नारा नै छ- हरियो वन नेपालको धन। अर्थात् मुलुकको ४५.३१ प्रतिशत भूभाग वनले ओगटेको छ। तर, अचम्मलाग्दो के छ भने, वनले धनी देशमा ५१ देशबाट डलरमा काठ आयात हुन्छ। यो वर्षको साउनदेखि चैतसम्म मात्रै ५ अर्बको काठ तथा काठजन्य वस्तु आयात भएका छन्। जबकी, देशका विभिन्न वनमा करोडौंको काठ त्यत्तिकै सडेर बसेको छ। ती सबै काठ प्रयोगमा ल्याउने हो भने स्वदेशको माग धानेर विदेशमा पनि निर्यात गर्न सकिन्छ। तर, सरोकारवालाहरूको ध्यान नपुग्दा 'कस्तुरीको बिना' जस्तै बनेको छ, वन क्षेत्र।

हरिबहादुर लम्जेल | *धनकुटा*

- को रिपोर्ट

समाचार पृष्ठ २



आर्थिक वर्ष २०८१/८२ को चैतसम्ममा काठ र यसका उत्पादनहरू कुन देशबाट कति भित्रिए ? (रु.हजारमा)

| देश | राजस्व | आयात |
|---|---|---|
| कोरिया | १० | २१,२४५ |
| जर्मनी | ४,१०० | ९,५०८ |
| थाइल्यान्ड | १४,३३१ | ३०,५३१ |
| मलेसिया | १८,११६ | ३७,३६१ |
| म्यानमार | ९,३६९ | ३४,८७४ |
| गाबोन | १५,५४७ | ६३,९७१ |
| लाओ | १,०३० | ४,१९१ |
| भियतनाम | १२,१७३ | ३५,८२७ |
| भुटान | १,५८५ | ४,३०७ |
| अमेरिका | ६,८८१ | २८,११९ |
| इन्डोनेसिया | १८२,९३९ | ६०९,६७६ |
| चीन | ६३१,५२८ | १,२७९,८९६ |
| भारत | ७६४,८६२ | २,५२३,०२२ |

कुल आयात ४,७०४,६७४

कुल राजस्व १,६६७,९५७

## भारतद्वारा पाकिस्तानमा आक्रमण, २६ जनाको मृत्यु



राधा खनाल | *काठमाडौं*

पहलगाम आक्रमणको १५ दिनपछि भारतले पाकिस्तानमा मिसाइल हमला गरेको छ। भारतीय सेनाका अनुसार पाकिस्तान र पाकिस्तान नियन्त्रित कश्मीरका आतंकवादी क्षेत्रलाई लक्षित गरी मिसाइल आक्रमण गरिएको हो। यो आक्रमणलाई भारतीय सेनाले 'अपरेसन सिन्दूर' नाम दिएको छ।

भारत सरकारले जारी गरेको बयानमा भनिएको छ, 'यस अपरेसनमा पाकिस्तान र पाकिस्तानद्वारा कब्जा गरिएको कश्मीरमा रहेका आतंकवादी संरचनालाई निशाना बनाइएको छ, जहाँबाट भारतमाथि आतंकवादी हमलाको योजना बनाएर कार्यान्वयनमा ल्याइएको थियो।' भारतीय सञ्चार माध्यमका अनुसार भारतले आतंकवादीहरूलाई लक्षित गरी मुजफ्फराबाद, बाघ, गुलपुर, कोटली, भीमबेर, सियालकोट, मुरिदके, चक अमरु र बहावलपुरमा एयरस्ट्राइक गर्दा ३० जनाको मृत्यु भएको छ।

२२ अप्रिलमा जम्मु-कश्मीरको पहलगाममा पर्यटकहरूमाथि भएको हमलापछि भारत र पाकिस्तानबीचको सम्बन्ध तनावपूर्ण भएको हो। उक्त हमलामा एक नेपालीसहित २६ जनाको मृत्यु भएको थियो। उक्त आतंकवादी आक्रमणमा पाकिस्तानले सघाएको र युद्धविराम सम्झौताको उल्लंघन गरेको आरोप भारतको लगाइरहेको छ। भारतको आक्रमणपछि संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ताले भारत र पाकिस्तान दुवैलाई संयमित हुन आह्वान गरेका छन्। नियन्त्रण रेखा र अन्तर्राष्ट्रिय सीमामा भारतीय सैन्य कारबाहीप्रति चिन्ता व्यक्त गर्दै उनले भनेका छन्, 'महासचिवले दुवै देशलाई बढीभन्दा बढी संयम अपनाउन आह्वान गर्नुभएको छ। संसारले अर्को भारत-पाकिस्तान सैन्य टकरावको जोखिम उठाउन सक्दैन।'

**भारतको आक्रमणमा के भन्यो पाकिस्तानले ?**

भारतले गरेको क्षेप्यास्त्र आक्रमणबारे प्रतिक्रिया दिँदै पाकिस्तानका प्रधानमन्त्री शेहबाज शरिफले त्यसलाई कायरतापूर्णको संज्ञा दिएका छन्। उनले विज्ञप्तिमार्फत पाकिस्तानले बदला लिने पनि बताएका छन्। भारतले नौ स्थानमा आक्रमण गरेको भनिए पनि पाकिस्तानका प्रधानमन्त्री शरिफले पाँच स्थानमा आक्रमण भएको एक्स अकाउन्टमा लेखेका छन्। यसबीच उनले भारतले लगाएका आरोपहरूको खण्डन गर्दै भारतले गरेको आक्रमणको उचित जवाफ दिने बताएका छन्।

उनले लेखेका छन्, 'भारतले पाकिस्तानका पाँच स्थानमा कायरतापूर्वक आक्रमण गरेको छ। पाकिस्तानलाई यस युद्धकार्यको कडा जवाफ दिने पूरा अधिकार छ र जवाफ दिइँदै छ,' उनले अगाडि भनेका छन्, 'पाकिस्तान र पाकिस्तानी सेनालाई थाहा छ कसरी दुश्मनसँग व्यवहार गर्नुपर्छ ।'

**भारत भन्छ 'अपरेसन सिन्दुर' कारबाही सुरु**

भारतले जारी गरेको विज्ञप्तिमा पाकिस्तानविरुद्ध 'अपरेसन सिन्दूर' नामक सैन्य कारबाही सुरु गरेको उल्लेख छ। उसले अप्रिल २२ मा भारत प्रशासित कश्मीरको पहलगाममा 'आतंकवादीहरूले पर्यटकमाथि हमला गरेर २६ जनाको ज्यान लिएको घटनाको बदला स्वरूप उक्त कारबाही' गरिएको बताएको छ। भारतले नौ विभिन्न स्थानहरूलाई निसाना बनाई हमला गरेको दाबि गरेको छ।

**भारत-पाकिस्तान युद्धका विषयमा के भन्छ विश्व**

भारतले 'अपरेसन सिन्दूर' नामक सैन्य कारबाही सुरुवात गरी पाकिस्तान र पाकिस्तान-प्रशासित कश्मीरका विभिन्न स्थानहरूलाई लक्षित गरेपछि विश्वले चिन्ता गरिरहेको छ।

भारतले ती स्थानहरूलाई 'आतंकवादी प्रशिक्षण शिविर' भएको आरोप लगाएको छ। जवाफमा, पाकिस्तानले भने भारतीय सेना लक्षित आक्रमण गरेको र केही लडाकु विमान खसालेको दाबी गर्दै भारतको आक्रमणलाई युद्ध निम्त्याउने कार्य भनेको छ। संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प भन्छन्, 'यो निकै दुःखद कुरा हो। मैले यसबारेमा भर्खरै सुनें। मलाई लाग्छ केही मानिसलाई केही न केही हुने अनुमान पहिले नै थियो। उनीहरूले धेरै लामो समयदेखि लड्दै आएका छन्, कैयौं दशकदेखि। म चाहन्छु यो चाँडै सकियोस्।'

बाँकी पृष्ठ ८

# धितोपत्र बोर्डमा अख्तियारले हान्यो छापा




ममता थापा | *काठमाडौं*

- आईपीओ स्वीकृतिमा आर्थिक हिनामिनाको आरोपपछि अख्तियारको छापा
- पाइपलाइनमा अझै ८९ कम्पनी, जलविद्युत् कम्पनीमात्रै ४३ वटा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल धितोपत्र बोर्ड (सेवोन)मा बुधबार दिउँसो छापा हानेको छ। विभिन्न कम्पनीको प्रारम्भिक सार्वजनिक प्रस्ताव (आईपीओ) निष्कासनका लागि घूस मागेको समाचार प्रकाशित/प्रसारित भएपछि अख्तियारले सेबोनमा छापा हानेको हो।

अख्तियारले आईपीओ निष्कासनका लागि अनुमति मागेका विभिन्न कम्पनीका फाइल नियन्त्रणमा लिएको स्रोतले बतायो। अख्तियारको टोली बुधबार दिउँसो ललितपुरको खुमलटारस्थित बोर्डको कार्यालयमा एक्कासि आइपुगेको सेबोन स्रोतले जनायो।

निजी ऊर्जा उत्पादकहरूले आईपीओ निष्कासन स्वीकृति गर्नु अगाडि धितोपत्र बोर्डले घूस मागेको आरोप लगाउँदै आएका थिए। सोही आधारमा अख्तियारले छापा मारेको स्रोतले बतायो। सेबोन स्रोतकाअनुसार अख्तियारका प्रतिनिधिहरूले सम्बन्धित विभागका कर्मचारीहरूसँग पाइपलाइनमा रहेका आईपीओ, यसको प्रक्रिया र स्वीकृतिमा ढिलाइबारे सोधपुछ गरी विस्तृत विवरण खोजेका थिए। 'सम्बन्धित विभाग, महाशाखासँग उनीहरूले आईपीओ स्वीकृतिबारे पछिल्लो स्थिति, स्वीकृतिको प्रक्रिया, पाइपलाइनमा रहेका कम्पनी र ढिलाइ किन भयो? भनेर सोधेका थिए,' स्रोतले भन्यो।

सोही आधारमा आईपीओ पाइपलाइनमा रहेको ८९ कम्पनीबारे जानकारी दिइएको सेवोनले जनाएको छ। केही दिनदेखि निजी ऊर्जा उत्पादकहरूले लामो समयदेखि स्वीकृतिको पर्खाइमा रहेका जलविद्युत् कम्पनीको आईपीओ निष्कासन स्वीकृति गर्न कमिसन मागेको आरोप लगाउँदै आएका थिए। आईपीओ स्वीकृतिमा साह्रै कठिन भयो। कमिसन बिना काम गर्न गाह्रो भयो। पैसा नबुझाए काम अगाडि नबढ्ने भनेर केही ऊर्जा उत्पादकहरूले गुनासो गरेका थिए,' स्रोतले भन्यो।

**आईपीओको अनुमति पर्खाइ, तर स्वीकृतिमा ढिलाइ**

नेपाल धितोपत्र बोर्ड (सेबोन)मा विभिन्न कम्पनीहरूको आईपीओ (प्रारम्भिक सार्वजनिक प्रस्ताव) निष्कासनको अनुमतिको पर्खाइमा ८९ वटा कम्पनी छन्। यो संख्या असोज १२ गतेदेखि वैशाख २१ गतेसम्म आईपीओका लागि आवेदन दिएका कम्पनीको हो। यद्यपि यसबीचमा नगन्य कम्पनीले मात्रै आईपीओ निष्कासनको स्वीकृति पाए। स्वीकृत कम्पनीको आईपीओमा पनि नियामक निकायका केही प्रतिनिधिलाई मोटो रकम बुझाउनु परेको आरोप लागेको थियो। कार्यभार सम्हाल्ने बेला सेबोन अध्यक्ष सन्तोषनारायण श्रेष्ठले रोकिएका आईपीओ निष्कासन चाँडै सुरु हुने आश्वासन दिएका थिए। तर, उनले कार्यभार सम्हालेको लामो समयसम्म पनि पाइपलाइनमा रहेका कम्पनीहरूको संख्या बढ्दै गयो।

आईपीओको अनुमति पर्खाइमा सबैभन्दा बढी हाइड्रोपावर क्षेत्रका कम्पनीहरू छन्। जलविद्युत् कम्पनीका मात्रै ४३ वटा कम्पनी आईपीओ निष्कासनको पर्खाइमा छन्। होटल तथा पर्यटन क्षेत्रमा ९ कम्पनीहरूले आईपीओको स्वीकृति मागेका छन्। यस्तै, लगानी क्षेत्रका ३ कम्पनी, म्यानुफ्याक्चरिङ तथा प्रोसेसिङ क्षेत्रमा १८ ओटा कम्पनी, लघुवित्त वित्तीय संस्थाअन्तर्गत एउटा कम्पनी, लघुवित्तमा अर्थात् माइक्रोइन्स्योरेन्स ३ वटा कम्पनी र अन्य क्षेत्रका १२ वटा कम्पनीहरूले आईपीओ निष्कासनको अनुमतिको पर्खाइमा छन्।

बालमन्दिर जग्गा भाडा हिनामिना प्रकरण

# १७ विरुद्ध मुद्दा, ६० करोड ३९ लाखको भ्रष्टाचार

सुरेन्द्र काफ्ले | *काठमाडौं*

नक्सालस्थित बालमन्दिरको जग्गा भाडा प्रकरणमा नेपाल बाल संगठनका तत्कालीन अध्यक्ष रीता सिंहसहित १७ जनाविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको छ। तत्कालीन अध्यक्ष सिंह उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहकी दिदी हुन्।

नेपाली कांग्रेसका सर्वमान्य नेता गणेमानसिंह र मंगलादेवी सिंहकी छोरी हुन्। सरकारी वकिल कार्यालयले १७ जनाविरुद्ध ६० करोड ३९ लाख ७७ हजार बिगो कायम गरेर मुद्दा दायर गरेको सहन्यायाधिवक्ता रामहरि शर्मा काफ्लेले जानकारी दिए। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले जिल्ला सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको थियो। सोही प्रतिवेदनअनुसार बुधबार काठमाडौं जिल्ला अदालतमा ठगीको कसुरमा मुद्दा दायर भएको काफ्लले बताए ।

बाल संगठनका तत्कालीन उपाध्यक्ष ६६ वर्षीय तुलसी नारायण श्रेष्ठ, तत्कालीन महासचिव ७० वर्षीय गणेशभक्त श्रेष्ठ, सदस्य एवं स्रोत परिचालन उपसमिति संयोजक ५३ वर्षीय कृष्णशंकर साह, तत्कालीन अख्तियर प्राप्त महासचिव ७५ वर्षीय श्यामकुमार आले, अर्का अख्तियार प्राप्त महासचिव ५४ वर्षीय सुवासकुमार पोखरेलविरुद्ध मुद्दा दायर गरिएको छ। त्यस्तै तत्कालीन महासचिव ६२ वर्षीय प्रचण्डराज प्रधान, तत्कालीन ६९ वर्षीय रामकाजी गुरुङ, तत्कालीन उपाध्यक्ष ६८ वर्षीय योगेन्द्रबहादुर शाही, तत्कालीन उपकोषाध्यक्ष ७२ वर्षीय दिपकदास श्रेष्ठविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको छ।

बाँकी पृष्ठ ६

**को-कोविरुद्ध चल्यो मुद्दा ?**

१. रीता सिंह, तत्कालीन अध्यक्ष
२. तुलसीनारायण श्रेष्ठ, तत्कालीन उपाध्यक्ष
३. गणेशभक्त श्रेष्ठ , तत्कालीन महासचिव
४. कृष्णशंकर शाह, स्रोत तथा परिचालन उपसमिति सदस्य
५. श्यामकुमार आले , अख्तियारप्राप्त महासचिव
६. सुवासकुमार पोखरेल , अख्तियारप्राप्त महासचिव
७. प्रचण्डराज प्रधान: तत्कालीन महासचिव
८. रामकाजी गुरुङ, तत्कालीन महासचिव
९. योगेन्द्रबहादुर शाही, तत्कालीन उपाध्यक्ष
१०. दीपकदाश श्रेष्ठ , तत्कालीन उपकोषाध्यक्ष
११. प्रवीणराज जोशी, तत्कालीन सञ्चालक -बृहस्पति विद्यासदन
१२. मुरारीनिधि तिवारी , तत्कालीन सञ्चालक -बृहस्पति विद्यासदन
१३. पुरुषोत्तमराज जोशी: तत्कालीन अध्यक्ष बृहस्पति विद्यासदन
१४. श्रद्धा सेढाईं , तत्कालीन सञ्चालक -बृहस्पति विद्यासदन
१५. अभिनव सिंधानिया: तत्कालीन सञ्चालक -बृहस्पति विद्यासदन
१६. सिद्धार्थ केडिया, तत्कालीन सञ्चालक -बृहस्पति विद्यासदन
१७. कीर्तिप्रसाद पाण्डेय, तत्कालीन सञ्चालक -बृहस्पति विद्यासदन